म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ९७ २०७९ फगुन १५ गते सोमबार 27 February 2023, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




## बागमती प्रदेश सभाबाट कर्मचारीसम्बन्धी दुईवटा विधेयक सर्वसम्मत पारित



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सभाले कर्मचारीसम्बन्धी दुईवटा अध्यादेशको प्रतिस्थापन विधेयकलाई सर्वसम्मत पारित गरेको छ। आइतबार बेलुका बसेको प्रदेशसभाको दोस्रो बैठकले प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका शर्तहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकहरु पारित गरेको हो ।

प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले बैठकमा निर्णयार्थ पेश गरेको दुई वटै अध्यादेशको प्रतिस्थापन विधेयकहरुलाई पारित गरियोस् भन्ने प्रस्तावलाई सभाले सर्वसम्मत स्वीकृत गरेको छ । सभाबाट विधेयक स्वीकृत भएसँगै प्रदेश प्रमुख यादवचन्द्र शर्माबाट प्रमाणिकरण भएपछि तत्काल कार्यान्वयनमा आउनेछ ।

यसअघि आइतबार साँझ बसेको प्रदेश सभाको पहिलो बैठकमा विधेयक व्यवस्थापन विशेष समितिका संयोजक डा. दिनेशचन्द्र देवकोटाले समितिले गरेको निर्णयको प्रतिवेदन सभामा पेश गरेका थिए । प्रतिवेदन तयार गर्नुअघि आइतबार पटक-पटक प्रदेश सभा सचिवालयमा विशेष समितिमा विधेयकहरुका सम्बन्धमा छलफल भएको थियो। छलफलमा समितिका सदस्यहरुका साथै मुख्यमन्त्री शालिकराम जमकट्टेल, आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, प्रमुख सचिव मुकुन्द प्रसाद निरौला, प्रदेश सचिवहरु लगायतको सहभागिता रहेको संयोजक देवकोटाले सभालाई जानकारी गराएका थिए ।

विधेयक छलफलका क्रममा १८ जना प्रदेश सभा सदस्यबाट संशोधन प्राप्त भएको उनले बताए । विस्तृत छलफल गरेर प्रदेश सरकारबाट स्वीकार भएका संशोधनका बुँदाहरु समेटी समितिले परिमार्जन सहितको प्रतिवेदन पारित गरेको उनले उल्लेख गरे ।

पहिलो बैठकमा प्रदेशसभा नियमावली २०७४ को नियम २११ उपनियम १ बमोजिम नियम निलम्बन गरी दोस्रो बैठकमा विधेयकहरु माथि छलफल गरिएको थियो । प्रदेशसभा नियमावली अनुसार सभामा पेश भएको २४ घण्टासम्म कुनैपनि प्रतिवेदन माथि छलफल गर्न नमिल्ने भएकाले नियम निलम्बन गरिएको थियो। नियम निलम्बन गरी दोस्रो बैठकबाट विधेयकहरु सर्वसम्मतीबाट पारित गरिएको थियो ।

शनिबार बसेको प्रदेश सभा बैठकमा फागुन १० गते प्रदेश सभामा पेश भएको कर्मचारी सम्बन्धी दुईवटा अध्यादेशको प्रतिस्थापन विधेयकमाथि दफावार छलफल गर्न र प्रतिवेदन पेश गर्न १५ सदस्यीय विधेयक व्यवस्थापन विशेष समिति गठन गर्ने निर्णय भएको थियो ।

## प्रदेश प्रहरी प्रमुख थापाको मासिक प्रगति विवरण सार्वजनिक




समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश प्रहरी कार्यालयमा प्रमुख भएर हाजिर भएको एक महिना पूरा भएसँगै प्रहरी नायब महानिरीक्षक (डिआईजी) दीपक थापाले आइतबार प्रगति विवरण प्रस्तुत गर्नुभएको छ । माघ १२ गते प्रदेश कार्यालयको जिम्मेवारी सम्हाल्नु भएका डिआईजी थापाले लागुऔषध नियन्त्रण तथा कारवाही, फरार अपराधी पक्राउ, मुद्दा फस्र्यौट, हातहतियार नियन्त्रण, नदिजन्य प्राकृतिक स्रोतको दोहन नियन्त्रण, हराएकाको खोजतलास तथा सचेनामूलक कार्यक्रम, सवारी दुर्घटना, भौतिक पूर्वाधार विकास र प्रशासनिक सुधार गरी फरक फरक शीर्षकमा प्रगति विवरण प्रस्तुत गरिएको छ ।

डिआईजी थापाको प्रगति विवरणमा प्रदेशभर एक महिनाको अवधिमा ३५ बिगाहा क्षेत्रफलको अवैध गाँजा र १ सय ६१ विगाहा क्षेत्रफलको अफिम खेती नष्ट गरिएको उल्लेख छ। यस्तै १ हजार ९ सय ८५ केजी गाँजा, ६० केजी चरेश, १ केजी अफिम, औषधीजन्य लागुऔषध २ हजार ४ सय ९८ पिस बरामद गरिएको प्रतिवेदनमा उल्लेख छ। प्रहरीले एक महिनाको अवधिमा लागुऔषध मुद्दामा ६८ जनालाई नियन्त्रणमा लिएको छ । बागमती प्रदेशभर २ सय ३२ जना फरार अपराधी पक्राउ गरी ५१ बर्ष कैद जरिवाना र ३४ लाख ६० हजार ८ सय ७४ रुपैपाँ जरिवाना रकम संकलन गरिएको प्रदेश प्रहरीले जानकारी दिएको छ ।

एक महिनाको अवधिमा जनघन्य अपराधसम्बन्धी १२ वटा, गम्भीर अपराधसम्बन्धी १६ वटा, अन्य १ सय ६५ वटा मुद्दा फस्र्यौट भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ। प्रहरीले २ नाल लामो हतियार र १ नाल छोटो री ३ नाल हतियारसहित ६ जनालाई पक्राउ गरेको छ। प्रहरीले ८ हजार ६ सय लिटर तयारी मदिरा र १ हजार ९ सय लिटर कच्चा पदार्थ नष्ट गरिएको छ । एक महिनामा प्रहरीले घरबाट हराएका भनी प्राप्त उजुरीका आधारमा ९९ जनालाई भेटेर परिवारको जिम्मा लगाएको छ ।

प्रदेश प्रहरी प्रमुख थापाले सार्वजनिक गर्नुभएको प्रतिवदेनमा २५ हजार ९ सय ७१ वटा सवारी साधनलाई कारवाही गरी दुई करोड ३९ लाख रुपैयाँ जरिवाना संकलन गरिएको छ । प्रदेश प्रमुख थापाले बागमती प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा ७ वटा प्रहरी इकाई निर्माणका लागि बजेट निकासाको अन्तिम चरणमा रहेको पनि जनाएको छ ।

यस अवधिमा डिआईजी थापाले ७ वटा जिल्ला प्रहरी कार्यालयसहित तल्लो तहको प्रहरी कार्यालयको निरीक्षण गरी आवश्यक निर्देशन दिने कार्य भएको छ। डिआईजी थापाले ७ जिल्लामा जनप्रतिनिधि, राजनीतिकर्मी, सञ्चारकर्मी, संघ, संस्थाका प्रतिनिधि लगायत सरोकारवालासँग शान्ति, सुरक्षा सम्बन्धमा छलफल तथा अन्तरक्रिया गर्नुभएको छ।

## जन्मदिनमा विद्यालयलाई सीसी क्यामेरा सहयोग




समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ का निरज सिंह ठकुरीले आफ्नो जन्मदिनमा आफूले विद्यालय शिक्षा हासिल गरेको विद्यालयलाई सीसी क्यामरा सहयोग गर्नुभएको छ । फागुन १३ गते शनिबार जन्मदिनको अवसर पारेर ठकुरीले श्रमिक माविलाई ४ थान सीसी क्यामरा सहयोग गर्नुभएको हो ।

३५ हजार लागतको क्यामेरा ठकुरीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की र विद्यालयका प्रधानाध्यापक श्रीराम दाहाललाई हस्तान्तरण गर्नुभयो। आइतबार विद्यालय खुलेको दिन विद्यालयमै पुगेर ठकुरीले सीसी क्यामरा हस्तान्तरण गर्नुभएको हो । ठकुरीले हस्तान्तरण गर्नुभएको क्यामेरा प्रारम्भिक बालविकास कक्षा र पूर्वप्राथमिक तहका कक्षाहरुमा जडान गरी अभिभावकलाई पनि सीसी क्यामेराको पहूँच उपलब्ध गराइने अध्यक्ष कार्कीले बताउनुभएको छ । विद्यालयले प्राप्त गरेको सीसी क्यामेरा जडानको कार्य सुरु भएको अध्यक्ष कार्कीले जानकारी दिनुभएको छ । प्रारम्भिक बालविकास कक्षाका बालबालिकाका बारेमा अभिभावकले घरमै बसेर मोबाइलबाट हेर्न सकिने भएपछि अभिभावकले आफ्ना बाबुनानीलाई ढुक्क भएर विद्यालय छाड्ने वातावरण बन्ने विश्वास गरिएको छ । श्रमिक माविमा पूर्वप्राथमिक तहमा ८० जना बालबालिका अध्ययनरत छन् ।

## ठूलो परिमाणमा लागुऔषध गाँजासहित राक्सिराङका २ जना पक्राउ



समाज संवाददाता

हेटौंडाः ठूलो परिमाणमा लागुऔषध गाँजासहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। शनिबार राती २ बजेको समयमा मकवानपुरको राक्सिराङ गाउँपालिका-८, गोठडाँडाका प्रेम घलान र ठाकुराम मोक्तानको घरबाट ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरीक्षक केशर कुमार न्यौपाने र इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरीक्षक कृष्णराज ढकालको संयुक्त कमाण्डमा खटिएको प्रहरी टोलीले २५ वर्षीय प्रेम घलानको घरबाट १ सय ६३ केजी गाँजा बरामद गरेको छ भने ४८ वर्षीय ठाकुराम मोक्तानको घरबाट १८२ किलो ४०० ग्राम गाँजा बरामद गरेको जनाएको छ । प्रहरीले घलान र मोक्तानसहित बरामद भएको लागुऔषध गाँजा नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय ल्याएको छ । घलान र मोक्तानलाई हिरासतमा राखी आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

यसअघि शुक्रबार पनि प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजा र भरुवा बन्दुकसहित ५ जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा मकवानपुर जिल्लाको कैलाश गाउँपालिका-६, दुम्सीखर्कका ६० वर्षीय जीत बहादुर मोक्तान, २८ वर्षीय विजय गोले, ४० वर्षीय रत्नबहादुर घले, २२ वर्षीय शेखर घले, २२ बर्षीय अशोक घले थिए। शुक्रबार राति ९ बजे मोक्तानको घरमा लागुऔषध छ भन्ने विशेष सूचनाको आधारमा प्रहरी नायव निरीक्षकसहितको २५ जना टोली खटिएको थियो । मोक्तानको घर खानतलासी गर्दा भरुवा बन्दुक १ थान, कटुवा पेस्तोल १ थान, पेस्तोलमा लाग्ने ६ राउण्ड गोली र मोक्तानकै घर नजिक रहेको गोठबाट लागुऔषध गाँजा ७ सय केजी, चरेस जस्तो देखिने वस्तु १२ केजी बरामद गरिएको जनाएको छ ।

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- -थाईराईड
- -क्यान्सर
- -रक्तअल्पता
- -वाथरोग
- -बाँझोपन
- -भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## बागमतीमा आज र भोलि सार्वजनिक विदा

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा आज सोमबार र भोलि मंगलबार सार्वजनिक विदा दिइएको छ । आइतबार गाउँपालिकाले सूचना जारी गर्दै सोमबार र मंगलबार दुई दिन विदा दिने जानकारी दिएको छ ।

मगर संघ स्थापना दिवस र माझी समुदायको पर्व लदी (कोशी पूजा) को अवसरमा गाउँपालिकाले दुई दिन सार्वजनिक विदा दिएको छ। गाउँपालिकाको आइतबार बसेको बैठकले फागुन १५ गते सोमबार मगर समुदायको ४१ औं स्थापना दिवसको सार्वजनिक विदा दिएको हो । यस्तै, फागुन १६ गते मंगलबार माझी समुदायको मौलिक पर्व लदी (कोशी पर्व)को अवसरमा विदा दिइएको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कबहादुर घलानद्वारा हस्ताक्षर गरिएको विदाको सूचनामा पालिकाको अत्यावश्यकीय सेवाबाहेक सबै क्षेत्रमा विदा दिइएको छ । पालिकाभित्रका सम्पूर्ण सरकारी कार्यालय, शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्था बन्द रहने बताइएको छ ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि

www.samriddhasamaj.com.np

## सम्पादकीय

# गाँजाविरुद्ध प्रहरी सक्रियता

मकवानपुर प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ । दिनहुँजसो लागूऔषध गाँजासहित धमाधम मानिसहरु पक्राउ पर्नुले मकवानपुरमा यसको समस्या भयावह देखाएको छ । प्रहरीले विशेष अभियान नै चलाएर वर्षेनी गाँजा तथा अफिम खेती नष्ट गर्दै आएको भए पनि ठूलो परिमाणमा गाँजा बरामद हुनुले प्रहरीको प्रयास निरर्थक बनेको देखिन्छ । हरेक वर्ष किसानले गाँजा खेती गर्ने र प्रहरीले फाँड्ने गर्दा किसानको श्रम तथा पुँजी नाश हुने र राज्यको स्रोत साधन पनि खर्च हुने अवस्था छ । यस्तो अवस्थामा वैकल्पिक खेती अपनाउने वातावरण बनाएर स्थानीय सरकारले गाँजा खेतीमा संलग्न किसानलाई प्रेरित गर्नुपर्छ । प्रहरीले विशेष सुराकीको आधारमा गाँजा बरामद गर्दैमा यसको खेती रोकिने सम्भावना देखिँदैन ।

मकवानपुर प्रहरीले विशेष सूचनाको आधारमा शुक्रबार राति कैलाश गाउँपालिका-६ को दुम्सीखर्कका जीतबहादुर मोक्तानको घरमा खानतलासी गर्ने क्रममा ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुर र इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी टोलीले मोक्तानको घर नजिकैको गोठबाट ७ क्वीन्टल लागूऔषध गाँजा बरामद गरेको हो । प्रहरीले चरेसजस्तो देखिने वस्तु १२ केजी पनि फेला पारेको छ । मोक्तानको घरबाट भरुवा बन्दुक १ थान, कटुवा पेस्तोल १ थान, पेस्तोलमा लाग्ने ६ राउण्ड गोली पनि प्रहरीले बरामद गरेको छ । मोक्तानसहित अन्य ५ जनालाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको छ । आइतबार पनि मकवानपुर प्रहरीले राक्सिराङ गाउँपालिकाबाट ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । सूचनाको आधारमा राक्सिराङ-८ का प्रेम घलान र ठाकुराम मोक्तानको घर खानतलासी गर्दा क्रमशः १६३ केजी र १८२ केजी गरी ३४५ केजी लागूऔषध गाँजा फेला पारेको छ । प्रहरीले गाँजासहित घलान र मोक्तानलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ ।

दुई दिनको बीचमा प्रहरीले लागूऔषध गाँजा बरामद गरेको घटनाले यसको कारोबारमा ठूलै गिरोह सक्रिय रहेको अनुमान गर्न सकिन्छ । दिनहुँजसो लागूऔषध बरामद गरिएको घटनाले मकवानपुरमा लागूऔषधको कारोबार फस्टाइरहेको देखिन्छ । गाँजा तथा अफिम खेतीका लागि मकवानपुर जिल्ला देशभरमै अग्रस्थानमा आउँछ । तत्कालीन माओवादी जनयुद्धको समयमा मकवानपुरमा गाँजाखेती निकै फस्टाएको थियो । जनयुद्धका कारण गाउँमा प्रहरीको उपस्थिति नभएपछि गाँजा तथा अफिम खेतीले व्यापकता पाएको थियो । तत्कालीन नामाटार, कालिकाटार, भार्ता, गोगने, आग्रा, डाँडाखर्क, टिस्टुङ, राक्सिराङ, खैराङ, काँकडा, सरिखेत गाउँ विकास समिति गाँजाखेती बढी हुने क्षेत्रमा चिनिएको थियो । अहिले ती क्षेत्र थाहा नगर पालिका, कैलाश गाउँपालिका र राक्सिराङमा गाउँपालिकामा रहेका छन् ।

गाउँमा यातायातको सुविधा र प्रहरी प्रशासनको सक्रियतासँगै किसानहरु गाँजा खेतीको विकल्प खोज्न थालेका कारण गाँजा तथा अफिम खेती कम भएको भनिए पनि ठूलो परिमाणमा गाँजा बरामद हुनुले गाउँघरमा गाँजा खेती प्रशस्तै हुने गरेको पुष्टि गर्दछ । गाँजा, चरेस, अफिमलाई लागूऔषधको रुपमा लिइएको छ । यसको खेती, उत्पादन, ओसारपसार, बिक्री वितरण तथा सेवन गैरकानुनी मानिन्छ । वर्षेनी प्रहरीले ग्रामीण भेगको ठूलो क्षेत्रमा लगाइएको गाँजा तथा अफिम नष्ट गर्दै आएको भए पनि ठूलो परिमाणमा गाँजा बरामद हुनुले प्रहरी सक्रियता अझ बढाउनुपर्ने देखिन्छ । गाँजा र अफिम खेती गर्ने किसानमा सचेतना वृद्धि गर्दै वैकल्पिक खेतीतर्फ आकर्षित गराउन विशेष कार्यक्रम ल्याइनु पर्छ । यसका लागि स्थानीय सरकारले प्रभावकारीरुपमा विशेष अभियान थाल्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वास्थ्य कमजोरी र स्वास्थ्यमा समस्या योग छ ।
**वृष** : आँटे ताकेका काममा समय व्यतित होला ।
**मिथुन** : भोग-विलास र आनन्दमा समय खर्च हुने समय छ ।
**कर्कट** : अध्ययन-अध्यापनमा समय व्यतित हुने समय छ।
**सिंह** : चिन्ताले मानसिक शान्तिमा बाधा गोय देखिन्छ ।
**कन्या** : अनावश्यक साईनो गाँसी नजिकिनेसँग सजगता ।
**तुला** : स्वास्थ्यमा क्रमशः सुधार प्राप्त हुने समय योग छ।
**वृश्चिक** : सकभर बोलीलाई नियन्त्रण गर्दा राम्रो होला ।
**धनु** : धन-मान र प्रतिष्ठामा विकार हुने योग छ ।
**मकर** : बाद-विवादको काममा सफिईने समय योग छ ।
**कुम्भ** : गरेका कामहरु सफल हुने समय योग देखिन्छ ।
**मीन** : लेखाई-पढाईका काममा सरिक भईने समय योग छ ।

# घाँटी थिच्ने अर्थतन्त्र, मन उजाड्ने दलतन्त्र

*तथ्यांक र प्रवृत्तिले भन्छ कि श्रीलंका र पाकिस्तानपछि त्यस्तो हालतको नजिक नेपाल छ । यसको अर्थतन्त्रको चक्र टुटेको छ र त्यसको बहुआयामिक प्रभावले लाखौं सर्वसाधारणको घाँटी रेटिरहेको छ । तर, यहाँ कसैलाई मतलब छैन । दल र तिनका नेताहरूको चरित्र, असंवेदनशीलता र गैरजिम्मेवारीपनको बयान गरिसाध्य छैन ।*



**डम्बर खतिवडा**

केही महिना अघिको कुरा । वर्षौं कारोबार नगरेको श्रीमतीजीको पुरानो खाता निष्क्रिय परेकोले फेरि 'एक्टिभ' गर्न एक निजी बैंकको शाखामा गएका थियौं । शाखा प्रबन्धकले हामीप्रति अस्वाभाविक रुचि र चासो देखाए । छिटोछिटो हाम्रो काम सकिदिन कर्मचारीलाई निर्देशन गरे । न चिनेका थियौं न कुनै त्यस्तो आग्रह नै गरेका थियौं । खातिरदारीको र हस्य अन्तिममा मात्रै थाहा भयो ।

फर्किन लाग्दा उनले भने, 'तपाईंहरूले ठूलो रकम मुद्दती गर्न हाम्रो बैंक प्रयोग गर्नु भए राम्रो हुन्छ । १२ प्रतिशत ब्याजदर छ । साथीभाइ र आफन्तहरूलाई पनि भन्दिनुहोला है ।'

हामी 'सरी' भन्दै उनीबाट छुट्यौं । 'हामीसँग त्यत्रो ठूलो रकम निक्षेप गर्ने क्षमता छैन, हामी सामान्य ग्राहक मात्रै हो' भन्दा उनले आफ्नो खातिरदारी खेर गएजस्तो नमीठो अनुहार पारे । मनमनै ठानें- बैंकका हाकिमले शाखा प्रबन्धकलाई निक्षेप बढाउन सायद 'टार्गेट' दिएका होलान्, त्यसबाट उनको कार्य सम्पादन मूल्याङ्कन हुँदो हो ।

फर्किएपछि आफ्नो थोरबहुत अर्थशास्त्रीय ज्ञानको सदुपयोग गर्दै यसो सोचें- १२ प्रतिशत ब्याजदरले दुई करोड मुद्दती गऱ्यो भने वर्षको २४ लाख त ब्याजै हुने रहेछ । महिनाको २ लाख । यति तलब त नेपालमा राष्ट्रपतिको पनि छैन । निजी क्षेत्रमा मुश्किलले १/२ हजार मान्छेको होला । विशेषतः पुर्ख्यौली जमिन भएकाहरूका लागि त्यति रकम कुनै ठूलो पनि हैन । जग्गाको कुनै एक टुक्रा बेच्दा आइहाल्छ । तिनलाई त जिन्दगीभरि कुनै काम नै नगर्दा पुग्ने रहेछ ।

फेरि अर्कोतिरबाट सोचें- बैंकले त्यो रकम १८ प्रतिशतमा लगानी गर्दा अर्काको पैसामा ६ प्रतिशतको नाफामा त सित्तैंमा भयो । यहाँनेर पाठकले प्रश्न गर्न सक्नुहुन्छ- भयो त भयो के नराम्रो भयो ? मान्छेले बसीबसी खान पाए, अर्काले मस्ती गरे, बैंकले नाफा कमायो भन्ने रिस उठ्यो, ईर्ष्या भयो ?

कुरा त्यसो पटक्कै हैन । यसो गर्दा अर्थतन्त्र कसरी असंगत बन्छ भन्ने एक राम्रो उदाहरण हो यो । जब बैंकको सामान्य ब्याजदर नै १८ प्रतिशत हुन्छ भने त्यसबाट लगानी गरेर हुने उद्यमशीलताको औसत प्रतिफल दर कतिसम्म होला भनेर हेर्नुपर्ने हुन्छ । अधिकांश व्यवसायी भन्छन्, 'देशमा १० प्रतिशतभन्दा बढी औसत प्रतिफल दर -एभरेज रेट अफ रिटर्न) भएका उद्योगधन्दा र व्यवसायहरू विरलै छन् ।'

यदि यो प्रवृत्ति सत्य हो भने व्यवसायीहरू सीधै ८ प्रतिशतको घाटामा छन् भन्ने अर्थ लाग्छ । कि त औसत प्रतिफल दर १८ प्रतिशतभन्दा माथि हुनु पऱ्यो । त्यसो गर्ने बित्तिकै बजारको मूल्यस्तर बढ्छ । वस्तु तथा सेवा झनै महँगो हुन्छन् । महँगो हुने बित्तिकै बिक्री घट्छ । यसको अर्थ हो- हाम्रा उद्योगी, व्यवसायीहरू बैंकका मुफ्तका नोकर, बैंकलाई पैसा कमाइ दिने मेसिन भएका छन् । मरिहत्ते काम गर्ने, मुश्किलले बैंक किस्ता तिर्ने, आफू शून्य सिताराम ।

यस्तो नीतिले दुईतिरबाट अर्थतन्त्रको घाँटी रेट्दछ । एकातिर कामै नगरी खाने मान्छेको संख्या बढ्छ । श्रम अनुत्पादक भएर खेर जान्छ । श्रम मात्र खेर जाने हैन, श्रम उत्पादकत्व पनि घट्न थाल्छ । श्रम उत्पादकत्वको एक पाटो कामको अनुभवद्वारा सीप र क्षमता अभिवृद्धि पनि हो । त्यसले अर्थतन्त्रमा उपभोग बाहेक अरु योगदान गर्दैन । अर्कोतिर काम गरेर पनि कुनै मुनाफा, बचत, पूँजी वा धन वृद्धि हुँदैन भने किन काम गर्ने भनेर कामप्रति निराशा बढ्छ । मान्छेले पेशा/व्यवसाय छोड्ने र तुलनात्मक लाभ बढी, जोखिम कम भएको वैदेशिक रोजगार राज्ने मुख्य कारणमध्ये एक यो पनि हो ।

त्यसो त बैंक किस्ता मात्रै साना तथा मझौला उद्यमी व्यवसायीहरूको पीडा हैन । त्यसको अर्को पाटो घरभाडा हो । राज्य, समाज र अर्थतन्त्र यति धेरै आधुनिक भइसक्दा पनि देशमा 'लिज एण्ड रेन्ट' सम्बन्धी कुनै भरपर्दो कानुन र अभ्यास छैन । काठमाडौंमा औसत सटरहरूको न्यूनतम भाडा मासिक २० हजार मात्र हिसाब गर्ने हो भने भाडा र बैंक ब्याजका कारणले मात्रै करिब २५ प्रतिशतभन्दा धेरै मूल्य अभिवृद्धि हुन्छ जान्छ ।

यसको सीधा गर्न हो- उद्योगी, व्यवसायीले त्यसैबाट जीवन निर्वाह गर्ने वा आर्थिक भविष्य खोज्ने हो भने करिब ४० प्रतिशतको 'मार्कअप' राख्नुपर्ने हुन्छ । त्यसो गर्दा बिक्रीमा कति असर पर्ला ? त्यस्तो मूल्यस्तर मान्छेको खरिद क्षमताभित्रको कुरा होला कि नहोला ?

ठीक यस्तै समस्या साना उद्योगी व्यवसायीको मात्रै हैन । साना किसानको पनि हो । मूल्य र लागतस्तरमा नेपालको कृषि भारत र चीनको मूल्यस्तरसँग प्रतिस्पर्धी हुनुपर्ने हुन्छ । सरकारले कृषिमा केही अनुदान त दिन्छ तर त्यसको अधिकांश हिस्सा पार्टीका 'झोले कार्यकर्ता' ले फर्जी कृषि फर्म र नक्कली कागज बनाएर खाइदिन्छन्, वास्तविक किसान कहाँ त्यो पुग्दै पुग्दैन ।

तथ्यांकले भन्छ- यति गर्दा पनि देशका किसानले करिब ७०-७५ प्रतिशत कृषिजन्य वस्तुको उपभोग धानेका छन् । त्यसको मुख्य कारण व्यावसायिक सफलता हैन । परम्परागत जीवन निर्वाहसँग जोडिएको संस्कृति हो । नपुग २५-३० प्रतिशतको उपभोग धान्नका लागि मात्रै पनि वार्षिक ६ खर्ब बढीको आयात हुन्छ । अब त मान्छेले परम्परागत कृषि पनि छोड्दै गएका छन् । विशेषतः पहाडी गाउँहरूमा जग्गा बाँझो राख्ने प्रचलन तीव्र गतिमा बढ्दो छ । यसबाट प्रष्ट हुन्छ- आगामी दिनमा नपुग उपभोग अनुपात झनै बढ्ने छ ।

खुल्ला बजारमा सबै चिज माग र पूर्तिले आफैं निर्धारण गर्दछ भन्ने कुरा धेरै पुरानो र थोत्रो भइसक्यो । संसारका कुनै पनि पूँजीवादी मुलुकले आज यो सिद्धान्त जस्ताको त्यस्तै स्वीकार र लागू गर्दैनन्, अर्कालाई उपदेश दिने मात्रै हो । संसारका कुनै पनि देशमा 'रेन्ट एन्ड इन्ट्रेस्ट रेट' लाई असीमित रूपमा लचिलो र खुल्ला बनाएको हुँदैन ।

असंगत अर्थतन्त्रको अर्को महत्वपूर्ण पाटो जमिनको मूल्य हो । नेपालका अधिकांश धनाढ्य जमिनदारका सन्तान हुन् भन्दा साथीहरू नरिसाए हुन्छ । भलै, आफ्नो जीवनमा उद्यमशीलता, मिहिनेत र कर्मद्वारा धनी भएका पनि थोरै होलान्, उनीहरूलाई सलाम छ । तर, प्रश्न कहाँनेर हो भने जमिनको परम्परागत स्वामित्व हिजैदेखि केही निश्चित शासकीय वृत्त र वर्गसँग मात्रै थियो, असमान र अन्यायपूर्ण थियो । उनीहरूका सन्तानले अंश पाउँदै आए । जमिनको एउटा सानो टुक्रा बेचेर घर बनाएर भाडा उठाउँदा र केही रकम बैंकमा मुद्दती गर्दा जीवनभरि उनीहरूले केही नगरे भयो । अर्कोतिर जससँग पुस्तौंदेखि जमिनको स्वामित्व थिएन, उनीहरुले धितो जमानीको अवसर समेत पाउँदैनन् । यो प्रवृत्तिले अर्थतन्त्रमा विपरीत प्रभाव पार्दछ । जीवनभरि मिहिनेत गरेका मानिसको कमाइ एउटा टुक्रा जमिन र घर बनाउने सपनामै सकिन्छ । अर्थात् काम गर्नेहरू सधैं दुःख र अभावमा हुन्छन्, काम नगर्नेहरुले मस्ती मार्दछन् । आधुनिक अर्थतन्त्र यसरी विकसित हुन सक्दैन । त्यसका लागि काम गर्नेहरुसँग धन हुने र नगर्नेहरुसँग नहुने नियम र प्रणाली हुनुपर्दछ । यहाँ त उल्टो छ । अनि कसले किन काम गर्छ ? जहाँ मान्छेले काम नै गर्दैन, काम गर्नुको अर्थ देख्दैन भने त्यहाँ मान्छेले किन काम गर्छ र त्यो देशको अर्थतन्त्र कसरी उभो लाग्दछ ?

कम्युनिष्टहरु कुनै बेला भूस्वामित्वको कुरा गर्थे । त्यो मुद्दा उनीहरुले नै छोडे । परम्परागत मोडेलको भूमि सुधार अब सम्भव पनि रहेन । तर, यहाँनेर दुई वटा कुरा हुन सक्थ्यो जो भएन । एक- परम्परादेखि कहिल्यै कुनै पुस्तामा पनि राज्यबाट जमिनको स्वामित्व नदिइएका वर्ग, समुदायलाई, विशेषतः दलित र अल्पसंख्यक समुदायलाई एक पटक दिन सकिन्थ्यो । त्यसो गर्दा करिब ४३ प्रतिशत पुगेको वन क्षेत्रको ३ प्रतिशत काटिन्थ्यो होला । ४० प्रतिशत वन आफैंमा पर्याप्त र विश्व मापदण्डभन्दा बढी नै हुन्थ्यो ।

तर, अर्को पनि उपाय थियो-पब्लिक हाउजिङ प्राधिकरण स्थापना गर्ने । जमिनको साटो आधुनिक अपार्टमेन्टका फ्ल्याटहरु निःशुल्क वा सस्तो दरमा दिने । यसो गर्दा मान्छे जीवनभरिको कमाइ घरजग्गामा लगाएर बाँकी कुरामा उस्तै दुःखी र अभावग्रस्त जीवन बाँच्नुपर्ने पीडाबाट मुक्त हुन्थे ।

सरकारको शाखा अधिकृतले ४० हजार तलब पाउँदो हो । यदि ऊ अपायक जिल्ला र शहरमा छ भने घरभाडा मात्रै २५ हजार तिर्ला, बाँकी १५ हजारले उसले जिन्दगी कसरी काट्दै होला ? यसको सीधा अर्थ हो कि हामीले घुस, कमिसन र भ्रष्टाचारलाई अघोषित रुपमा वैधानिक मानेका छौं । अख्तियारको काम यहाँ भ्रष्टाचारीमाथि अनुसन्धान र कारबाही गर्नु हैन, मोबाइलमा विज्ञापन बजाएर बस्नु हो ।

सबैलाई थाहा छ- कारोबारको अवैधानिकीकरण भन्सारमा न्यून बिजकीकरणबाट सुरुवात हुन्छ । व्यापारीले जे हो, त्यही मूल्य र मात्रामा बिजकीकरण गर्ने हो भने भन्सार कर्मचारीले व्यापारीलाई तर्साउने, गल्ती देखाउने ठाउँ नै हुँदैन । व्यापारीहरू भन्छन् कि भन्सार कर्मचारीले नै न्यूनबिजकीकरण गर्न प्रेरित गर्दछन् । त्यसो त गर्दा व्यापारीले भन्सार तिर्नुपर्ने रकम पनि कम हुन्छ । कर्मचारीले घुसको सौदाबाजी गर्ने, धम्क्याउने, तर्साउने ठाउँ पाउँछन् । तत्काललाई दुवैलाई फाइदा भएजस्तो देखिन्छ । तर, त्यसको प्रभाव मूल्य अभिवृद्धि कर, बजारमूल्य र आयकरसम्म पुग्दछ भन्ने कसैलाई कुनै मतलब हुँदैन ।

यदाकदा चर्चा हुन्छ- देशमा उद्योगधन्दा भएन, निर्यात भएन, व्यापार घाटा व्यापक भयो । झूटो कुरा हो यो । किनकि यहाँ कसैलाई उद्योगधन्दा अभिवृद्धि गर्नु नै छैन । सबैलाई व्यापार गर्नु छ । व्यापार गर्न सजिलो हुने उत्पादनले हैन, आयातले नै हो । उत्पादनसँग अनेक व्यवस्थापकीय झमेलाहरू जोडिएका हुन्छन् । कारखाना राख्न पऱ्यो । ठूलो र कमको लगानी चाहियो । दक्ष श्रमिक, मेसिन, औजार र कच्चापदार्थ चाहियो । व्यापारमा किन्यो, बेच्यो सकियो ।

उद्यमशीलता अभिवृद्धि गर्ने हो- मानिसलाई प्रयत्न गर्न, असफल हुन, सिक्न र सफल हुने क्षमता विकास गर्न वा बजारतन्त्रसँग समायोजित हुने अवसर दिनुपर्दछ । उद्यमशीलता पनि एक प्रकारको विशेष सीप वा विज्ञता हो । कसैले कुनै काम गर्दैमा त्यो सफल भइहाल्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन । तसर्थ मान्छेलाई असफल हुँदा पनि निराश नहुने वातावरण दिनुपर्ने हुन्छ । तर, यहाँ त ठीक उल्टो हुन्छ- कारणवश कुनै उद्यमी असफल भयो भने त्यसको सबै भार त्यही एउटा व्यक्तिले उठाउनुपर्ने हुन्छ । अनि मान्छेले ठूलो जोखिम किन मोल्छ ?

फर्म वा कम्पनी दर्ताकै समयबाट राज्यले उद्यमशीलताप्रति गलत धारणा सुरुवात गर्दछ । मानौं कि यी टन्न पैसा भएर लुटाउन आएका बेवकुफहरू हुन् । तसर्थ कम्पनी दर्ता, लेखा परीक्षण, कर भुक्तानी र लिक्विडेशन वा खारेजीको प्रक्रियालाई सरल र सामान्य बनाउनुको साटो उल्टै कठोर बनाइन्छ । घाटामा गएका वा प्रयत्न गर्दागर्दै असफल भएका मान्छेहरूले भोग्नुपर्ने अपमान, अप्ठ्यारो र झमेलाहरू सम्झेर पनि अरू मान्छेलाई वैधानिक र जोखिमपूर्ण उद्यमशीलतामा हात हाल्न मनै लाग्दैन ।

अन्यथा लिइन्न भने यो सत्य हो कि यहाँ अधिकांश सफल भनिएका उद्योगी व्यवसायीहरूले कुनै न कुनै प्रकारले राज्य शक्ति र आर्थिक अनुशासनको उल्लंघन गरेका हुन्छन् । देशका एक मात्र अर्बपति विनोद चौधरीले आफैं आफ्नो आत्मकथामा यो सत्य प्रत्यक्ष, परोक्ष स्वीकार गरेका छन् ।

नेताहरूलाई चाहिएको पार्टी चलाउने, गुट चलाउने र चुनाव खर्च गर्ने पैसा हो । कर्मचारीहरूलाई चाहिएको तलब भत्ताभन्दा बाहिरको अतिरिक्त आम्दानी हो । त्यसको स्रोत भनेको राज्यको बजेट र गैरकानुनी काम गर्न गराउन चाहने व्यापारी नै हुन् । सामान्य सेवाग्राहीबाट सीधै स-सानो रकम घुस संकलन गर्न अब अनेक कारणले असजिलो हुँदै गएको छ तर पनि धेरैले छोडेका छैनन् ।

यस्ता समस्याको संरचनागत समाधान खोज्न नसकिने हैन । लोकतान्त्रिक मुलुकमा पार्टीहरूलाई 'स्टेट फन्डिङ' गर्न मिल्छ । पारदर्शी निर्वाचन बन्डहरू जारी गर्न सकिन्छ । तर, यतातिर कसैको ध्यान छैन । किनकि त्यसो गर्ने वित्तिकै अवैध धन्दा बन्द हुन्छ । अवाञ्छित तबरले समाज र राज्यमा शक्तिशाली हुन सकिदैन ।

अहिले त अझ ठूलो समस्या नीतिगत भ्रष्टाचार बनेर आएको छ । एकातिर बजेटमा लेखिन्छ, 'स्वच्छ ऊर्जाको खपत बढाएर कार्बन उत्सर्जन रोक्ने' । अर्कोतिर विद्युतीय गाडीहरूको भन्सार दर बढाइन्छ । यस्ता अनेक सन्दर्भ छन्- जनताको आँखामा छारो हालिएका । हुँदाहुँदा अब त तस्करका एजेन्टहरु मध्यरातमा अर्थ मन्त्रालयमा छिरेर करका दरहरू फेरफेर गर्न र सीसीटिभी क्यामेराको भिडियो फुटेज डिलिट गरेर हिंड्न सक्ने गरी शक्तिशाली भइसके । यस्तो मुलुकमा सर्वसाधारणको माइबाप को होला ?

खराब कर्जाको भोलुम र खराब ऋणीहरूको संख्या निरन्तर बढ्नु र इतिहासकै उच्च विन्दुमा पुग्नु अर्थतन्त्रको चक्र टुटेको संकेत हो । ऋण तिर्न नसकेर घरजग्गा लिलाम हुँदा मान्छे खुशी होला ? यो टाट पल्टिएको सार्वजनिक घोषणा सरह हो । मान्छेको आत्मसम्मान विपरित कुनै न कुनै बाध्यात्मक अवस्था क्रियाशील छ भन्ने प्रमाण हो ।

लोकतन्त्र भनेको प्रतिस्पर्धा मात्रै हैन, निष्पक्षता सहितको प्रतिस्पर्धा हो । जहाँ निष्पक्षता नै हुँदैन, त्यहाँ स्वतन्त्रता नै हुँदैन । लोकतन्त्रले काम गर्दैन । प्रतिस्पर्धाले कुनै सृजनशील परिणाम दिने हैन, उल्टै मान्छेको घाँटी मात्रै थिच्छ । यतिखेर लघुवित्त र ऋणबचत सहकारीबारे दैनिक दर्जनौं समाचार आइरहेका छन् । उनीहरुलाई दानवीकरण गरेर ...बाँकी पृष्ठ ३ मा

# रौतहटमा शिव-सावित्री स्मृति सम्मान, रचना वाचन तथा कविता प्रतियोगिता




समाज संवाददाता

हेटौंडाः रौतहट जिल्लाको जनज्योति माध्यमिक विद्यालयको सभाकक्षमा शिव-सावित्री प्रतिष्ठान नेपाल तथा बुढ्यौली साहित्य समाज रौतहट सर्लाहीको संयुक्त आयोजनामा शनिबार स्रष्टा सम्मान, रचना वाचन तथा कविता प्रतियोगिता सम्पन्न भएको छ ।

कार्यक्रममा बारा, महोत्तरी तथा मकवानपुरका बुढ्यौली साहित्य समाजका कार्यसमितिका सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा वीरगन्जमा रही नेपाली तथा भोजपुरी भाषा एवम् साहित्यमा निरन्तर साधनारत डा. विश्वम्भर शर्मालाई सम्मान गरिएको थियो । कार्यक्रममा उपस्थित स्रष्टाहरूमध्ये साहित्यिक पत्रकार संघ मधेस प्रदेश संयोजक सञ्जय साह मित्र, प्रगतिशील लेखक संघका राष्ट्रिय पार्षद् प्रेम घिमिरे, सर्लाही साहित्य समाजकी अध्यक्ष मीना देवकोटा तथा साहित्यिक साँस्कृतिक प्रतिष्ठान बर्दिबासका अध्यक्ष रामचन्द्र पौडेलले कविता वाचन गर्नुभएको थियो ।

यसैगरी साहित्यकार राजेश्वरी काफ्ले, अम्बिका कार्की, इसहाक हुसेन, नानीराम दहाल, राजकुमार लामिछाने, देवराज खरेल, नारद काफ्ले, सुमित्रा आचार्य, घनश्याम पन्त, सञ्जय सुदामा, कुमार दहाल कुसुम, लक्ष्मी श्रेष्ठ, गोविन्दप्रसाद काफ्ले, नित्यानन्द शर्मा कँडेल, राधा घिमिरे, पूण्यप्रसाद घिमिरे, रामनारायण चौधरी, श्याम थापा, भवानी घिमिरे, सङ्गीता सहनी, भवानी घिमिरे, पुष्पराज रोइला, हरि शर्मा, प्रकृति सेन्चुरी, पूजा तिम्सिना, दीक्षा तिवारीले कविता, गजल, मुक्तक तथा पञ्चाङ्ग वाचन गर्नुभएको थियो ।

कक्षा ६–१२ का विद्यार्थीहरूका बीच 'हजुरआमा' शीर्षकमा गराइएको कविता प्रतियोगितामा विभिन्न विद्यालयका २१ जना विद्यार्थी सहभागी थिए भने जनप्रिय मावि हरिनगर मैढा, गुजराकी मीना रसाइली प्रथम, सोही विद्यालयकी आकृति चौधरी द्वितीय र चन्द्रज्योति अंग्रेजी आवासीय मावि चन्द्रपुरकी तेजस्वी गजमेर तृतीय भएकी थिइन् भने तथा नमुना अंग्रेजी आवासीय माविका उत्सव थापाले सान्त्वना स्थान प्राप्त गरेका थिए ।

प्रतिष्ठानका उपाध्यक्ष रमेशमोहन अधिकारीले सम्मानित व्यक्तित्वका बारेमा प्रकाश पार्नुभएको थियो भने महासचिव चन्द्रमोहन अधिकारीले शिव-सावित्री प्रतिष्ठानका गतिविधि तथा योजनाका बारेमा बोल्नुभएको थियो । प्रतियोगी कविताको निर्णय भने छन्दकवि लालबाबु शर्माले गर्नुभएको थियो । कार्यक्रमका प्रमुख आतिथि नेपाली हास्यव्यंग्य साहित्यका सशक्त हस्ताक्षर नरनाथ लुइँटेल रहनुभएको थियो भने सभाध्यक्षता शिव-सावित्री प्रतिष्ठान नेपालका अध्यक्ष उत्तममोहन अधिकारीले गर्नुभएको थियो ।

# तासिर स्कूलको अभिभावक दिवस सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीस्थित तासिर इंग्लिस सेकेण्डरी स्कूलको १९ औं वार्षिकोत्सव तथा अभिभावक दिवस शनिबार सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिठ्ठे बहादुर कार्कीको अध्यक्षता तथा बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्री एका लाल श्रेष्ठको प्रमुख आतिथ्यमा अभिभावक दिवस कार्यक्रम भएको हो । मन्त्री श्रेष्ठले रोबोटद्वारा रिबन काटेर वार्षिकोत्सव समारोहको उद्घाटन गर्नुभयो ।

विद्यालयका संस्थापक राजन थापा र प्रिन्सीपल विनोद थपलियाले विद्यालयमा भइरहेका क्रियाकलाप र भावी योजना प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा विद्यार्थीले साँस्कृतिक प्रतिभा प्रस्तुत गरेका छन् । विद्यालयले बर्ष शिक्षकका रुपमा दीपा महत, सरल गौतम र सृजना तामाङ, अभिभावक अन्जना चौलागाई, कार्यालय सहयोगी सीता खत्रीलाई सम्मान गरेको छ । यस्तै विद्यालयले विद्यार्थीलाई पनि सम्मान गरेको छ ।

कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतम, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) बागमती प्रदेश समितिका अध्यक्ष केशवलाल श्रेष्ठ, प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदीको पनि आतिथ्य रहेको थियो ।

# सुनचाँदी व्यवसायी संघ मकवानपुरको अध्यक्षमा शाक्य



समाज संवाददाता

हेटौंडाः मकवानपुर सुनचाँदी व्यवसायी संघको अध्यक्षमा पंकज रत्न शाक्य चयन हुनुभएको छ । शनिबार भएको संघको चौथो अधिवेशनले शाक्यलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो ।

शाक्यको अध्यक्षतामा २७ सदस्सीय नयाँ कार्यसमिति चयन गरेको छ । समितिको वरिष्ठ उपाध्यक्षमा गोपीलाल विक रहनु भएको छ । उपाध्यक्षमा रुपेन्द्र राज बज्राचार्य र विजय विश्वकर्मा रहनु भएको छ । महासचिवमा राजकुमार रसाइली, सचिवमा राजकुमार विश्वकर्मा, सह-सचिवमा उज्जल शाक्य, कोषाध्यक्षमा कमल सिन्चुरी र सह-कोषाध्यक्षमा लालुराम विश्वकर्मा रहनु भएको छ । अर्थलेखा समितिमा रुपक राज बज्राचार्य, शिक्षा समितिमा प्रेम रत्न शाक्य, स्वास्थ्य समितिमा महारथ बज्राचार्य, अनुगमन समितिमा सरोज सापकोटा, खेलकुद समितिमा नारायण बराली रहनु भएको छ ।

साधारणसभा तथा अधिवेशनको उद्घाटन कार्यक्रम मकवानपुर सुनचाँदी व्यवसायी संघका निवर्तमान अध्यक्ष केशव रसाइलीको अध्यक्षता तथा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको प्रमुख आतिथ्यमा भएको थियो । उद्घाटन समारोहमा सम्बोधन गर्ने व्यवसायीले दैनिक १० केजी सुनको कोटाले नेपाली बजारलाई पर्याप्त नहुने उल्लेख गरेका थिए । यस्तै व्यवसायीको सुरक्षा तथा सुन-चाँदीको खरिद-बिक्रीमा हुने समस्याका विषयमा संघले सरकार र प्रहरी-प्रशासनसँग स्पष्ट आफ्ना कुरा राख्नुपर्ने बताएका थिए ।

# मृतकका परिवारलाई भेटेर सहयोग गर्ने प्रतिवद्धता

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस बागमती प्रदेश समितिका सभापति तथा प्रदेश सभा सदस्य ईन्द्रबहादुर बानियाँले जंगली जनावरको आक्रमणमा परि मृत्यु भएका परिवारका लागि प्रदेश सरकारबाट क्षतिपूर्तिको व्यवस्था गर्न आफुले पहल गर्ने बताउनुभएको छ ।

फागुन ८ गते हात्तीको आक्रमणमा परी मृत्यु भएका मनहरी-४, तल्लो मसिनेकी राधादेवी अधिकारीको परिवारसँगको भेटमा उहाँले जनावरको आक्रमणमा परी मृत्यु भएका परिवारलाई प्रदेश सरकारको तर्फबाट राहत उपलब्ध गराउन मुख्यमन्त्री शाालिकराम जमकट्टेललाई अनुरोध गरिसकेको बताउनुभयो । उहाँले प्रदेश सरकारले निर्णय गरेर पीडित परिवारलाई कम्तिमा १ लाख रुपैयाँ राहत उपलब्ध गराउनुपर्ने बताउनुभयो । साथै स्थानीय सरकारले समेत किरिया खर्चको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।

जंगली जनावरको आक्रमणबाट मृत्यु भएको परिवारलाई संघीय सरकारले उपलब्ध गराउने १० लाख रुपैयाँ राहत थोरै भएको उहाँको भनाइ छ । प्रदेश सरकारले केही राहत रकम उपलब्ध गराएमा पीडित परिवारलाई सहज हुने उहाँले बताउनुभयो । आरक्ष तथा निकुञ्ज क्षेत्र विस्तार हुँदै जाँदा जनावर र मानव द्वन्द्व बढ्दै गएको नेता बानियाँको भनाइ छ । घाँस, दाउरा, खेतीपातीको काममा महिलाको संलग्नता बढिरहेको कारण जनावरको बढि जोखिममा महिलाहरू रहेको उहाँले बताउनुभयो ।

नेता बानियाँले पर्सा राष्ट्रिय निकुञ्ज पदमपोखरी सेक्टर कार्यालय लामिटार पुगेर आक्रोशको बीचमा पनि संयमता अपनाएकोमा सेनालाई धन्यवाद दिनुभएको छ । पीडित परिवार भेट्न मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, नेपाली कांग्रेस मनहरि गाउँपालिकाका सभापति प्रकाश बर्तौला, कांग्रेस नेताहरु शंकर न्यौपाने, रमेश पुरी, मनहरी-८ का वडाध्यक्ष नारायण उप्रेती, मनहरी-३ का वडाध्यक्ष अनन्त अर्याल लगायत पुग्नुभएको थियो ।

# हेटौंडामा होलीको टिसर्ट बिक्री सुरु

समाज संवाददाता

**हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा होलीको टिसर्ट बिक्री गर्न सुरु भएको छ । ह्याप्पी होली लेखिएका सेतो टिसर्टहरु हेटौंडाका केही तयारी कपडा पसलमा सजाउन थालिएसँगै बिक्री सुरु भएको हो ।**

**हेटौंडा बजारमा होलीका टिसर्ट भित्रन थालेसँगै केही कपडा पसलहरुबाट बिक्री गर्न थालिएको छ । होली आउन एक सातामात्र बाँकी हुँदा बजारका प्रायः पसलहरुमा होलीका टिसर्टहरु बिक्रीका लागि राख्ने क्रम बढेको छ ।**

**होलीका लागि तयार पारिएका टिसर्टको मूल्य २ सय रुपैयाँसम्म पर्ने व्यापारीले बताएका छन् । होलीमा पानी छ्याप्ने सामग्री, होलीका रङहरु र होलीकै लागि भनेर अण्डाहरुको बिक्री भने अझै सुरु भएको छैन । टिसर्ट बिक्रीका लागि राखिएको भएपनि किन्ने ग्राहकहरु नआएको व्यापारीको गुनासो छ ।**

**विगत केही वर्ष कोरोना माहामारीका कारण होली पर्व उल्लासमय हुन सकेको थिएन । आगामी फागुन २२ गते पहाडमा र २३ गते तराईमा होली पर्व मनाइँदैछ । हेटौंडामा भने दुबै दिन होली खेल्ने गरेको पाइन्छ । प्रत्येक वर्ष फाल्गुण शुक्ल पूर्णिमाका दिन मनाइने होली पर्व अथवा फागु पूर्णिमा यस वर्ष अझ उल्लासमय हुने व्यापारीको अपेक्षा छ ।**

**होली पर्व घरपरिवारका सदस्य, साथीभाइबीच आपसमा रङ दलेर उल्लासपूर्वक मनाउने गरिन्छ । फागु पूर्णिमालाई पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमंगका साथ मनाइने रंगीन पर्वको रुपमा लिइन्छ । तर वर्तमान समयमा होलीले विभिन्न खालका विकृति, विसंगतिहरू पनि निम्त्याएका छन् । होलीमा प्रहरीलाई सुरक्षा व्यवस्थापन गर्नसमेत हम्मेहम्मे पर्दछ ।**

**हेटौंडा–४ स्थित स्कूलरोडलगायत विभिन्न स्थानहरुमा विशेष सांगीतिक कार्यक्रम आयोजना गरी होली पर्व मनाउने गरिएको छ । कन्सर्टमा इच्छाविपरीत अण्डा फोड्ने, रङ दलिदिने, पानी छ्यापिदिनेजस्ता कार्य प्रत्येक वर्ष हुने गर्दछ । होलीमा मद्यपान तथा नशालु पदार्थसमेत अत्यधिक सेवन हुने गरेको छ ।**

**श्री देवकी माध्यमिक विद्यालय/प्रविधिक शिक्षालय**
**बागमती गाउँपालिका–५, लिलादमार, ज्यामिरे**
**मकवानपुर**

**शिक्षक आवश्यकता**

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०३/४ गते*

प्रस्तुत विषयमा बागमती गाउँपालिका मकवानपुर झुरझुरेको मिति २०७९/१/१४ को पर्ने १३५४ को प्राप्त विज्ञापन अनुमति पत्रअनुसार तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९/११/११ गतेको बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलका पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद श्रेणी र संख्या | परिक्षा दस्तुर | शैक्षिक योग्यता कै |
|---|---|---|---|---|
| १. | ०५/०७९/०८० | शिक्षक मावि द्वितीय श्रेणी सो सरह (विज्ञान संकायको रशायन विज्ञान शास्त्र) पद संख्याः १ (एक) | २,०००/- | १. विज्ञान संकायको रशायन विज्ञानमा M.S.C. उतीर्ण गरेको |

३. उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
४. तलब सुबिधाः नेपाल सरकारले तोके बोमजिम ।
५. छनौटको किसिमः लिखित,अन्तरवार्ता ।
६. दरखास्तको अन्तिम मितिः २०७९/११/२९ गते अपरान्ह ४०० बजेसम्म ।
७. सम्पर्क मितिः २०७९/११/३० गते ।
८. आवश्यक कागजातहरुः नागरिकताको प्रतिलिपि शैक्षिक योग्यता प्रमाणपत्रहरुका प्रतिलिपि ।
९. परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ । नोटः- दरखास्त सानिमा बै.खा. ०६२०१००१००००१०७ मा शुल्क जम्मा गरी स्क्यान बैंक भौचर ईमेलः chandrathapa2027@gmail.com मार्फत पनि दिन सकिने छ ।

**अन्य जानकारीका लागि**
मो.नं. प्र. ९८४५६८७९९९ स.प्र. ९८४६८७२६१८ वि. व्य. स. ९८४५५३९७३० वा विद्यालयमा सम्पर्क गर्न सकिने छ ।

# घाँटी थिच्ने...

सरकारलाई जोगाउन काम भइरहेको छ । लघुवित्त र सहकारी भनेका त समग्र अर्थको चक्रमा साना अवयव मात्रै हुन् । ती सरकार र राष्ट्र बैंकले दिएको नीतिभित्र हिंड्ने हुन् । यसको अर्थ ती संस्था चोखा हुन् भनेको हैन तर सोच्नुपर्ने कुरा राज्यको आर्थिक, मौद्रिक र वित्तीय नीति बैंक, लघुवित्त र ऋणबचत सहकारीको हातमा हुन्छ कि राष्ट्र बैंक र अर्थ मन्त्रालयको हातमा ? यदि ती संस्थाले कुनै नराम्रो गरेका छन् भने सरकारकै नीतिभित्र गरे होला ? यदि बाहिर गएको भए त्यसको अनुगमन र कारबाही किन भएन ?

प्रमुख कुरा देशमा काम गरेर पैसा कमाउने उद्यमशील पूँजी हैन, पैसाले पैसा फलाउने अनुत्पादक आर्थिक नीतिलाई प्रोत्साहन गरियो । उत्पादनशील पूँजी जसले माल-मुद्रा-मालको लामो चक्रबाट गुज्रिनुपर्ने हुन्छ, यसक्रम अर्थतन्त्र थुप्रै अवसर र रोजगार सृजना हुन्छ । अर्को व्यापारिक पूँजी जसले मुद्रा-माल-मुद्राको परिपथ तय गर्छ । र तेस्रो वित्तीय पूँजी जसले मुद्रादेखि मुद्राको छोटो बाटो तय गर्दछ । जब कुनै देशको अर्थतन्त्रको मूलचक्र नै तेस्रो प्रकारको बन्छ, त्यस्ता देशमा नेपालको जस्तो असंगत अर्थतन्त्र निर्माण हुने हो ।

हिजो मान्छे विश्वास गर्दैनथे कि देश टाट पल्टिन सक्दछ । जब श्रीलंका सबैका आँखासामु टाट पल्टियो, आज देश टाट पल्टिन सक्छ भन्ने सबैले पत्याउने भए । तर, धेरैलाई अझै भ्रम छ कि देश टाट पल्टियो भने गरिब र मध्यम वर्गीय पिल्सिने हुन् । धनी र शक्तिशालीलाई केही हुने छैन । संभवतः यही ठानेर कथित धनी र शक्तिशालीहरू कानमा तेल हालेर बसेका छन्, जो सत्य हैन ।

बजार चक्र चुँडियो भने धनी र शक्तिशाली पनि सुरक्षित रहन सक्ने छैनन् । बजारमा अत्यावश्यकीय वस्तु र सेवाहरूको अभाव भयो भने तिनीहरूले सुन, चाँदी, पैसा र शेयर प्रमाणपत्र खाने हैनन् होला । ती बिमारी पर्दा तिनीहरूको पहुँच र शक्तिको तुजुकले अस्पतालमा औषधि आफैं आउँदैन होला । तिनको सम्पत्ति र शेयर मूल्य उत्तिकै रहँदैन होला । तिनका व्यवसायहरूको कारोबार यथोचित रहँदैन होला । श्रीलंका टाट पल्टिनुका मुख्य पाँच वटा कारण थिए । तीमध्ये १ मात्र प्राकृतिक कारण थियो- कोभिड-१९ ले पर्यटन उद्योग ध्वस्त हुनु । बाँकी अन्तर्राष्ट्रिय बजारमा श्रीलंकाली कामदारको कमजोर स्वीकृति, कुबेलाको अति महत्वाकांक्षी अर्गानिक कृषि योजना, वैदेशिक ऋणको पासो र भ्रष्टाचार मानव निर्मित वा कृत्रिम थिए । राज्यका गलत निर्णय र कुशासनसँग जोडिएका थिए । राजापाक्षे परिवारको तमिल र पश्चिमा देश विरोधी संकीर्ण सिंहाली राष्ट्रवादको जगमा उभिएको दम्भ र अहंकार जिम्मेवार थियो ।

आज दक्षिण एशियाको अर्को मुलुक पाकिस्तान झण्डै श्रीलंकाकै हालतमा पुगिसकेको छ, आर्थिक आपतकाल घोषणा हुन मात्र बाँकी हो । आर्थिक संकटले आर्थिक संकट मात्रै ल्याउँदैन, राजनीतिक मानवीय, सामाजिक संकट त त्यससँग जोडिएका हुन्छन् नै साथसाथै राज्य र राष्ट्रको अस्तित्व संकटको सवाल समेत जोडिन पुग्छ । आज पाकिस्तान त्यही हालतमा छ । बलुचिस्तान, गिल्गिट, बाल्टिस्तानलगायत क्षेत्रमा पाकिस्तानमै नबस्ने जनभावना बढ्दो छ । त्यसका लागि ठूल्ठूला जनप्रदर्शन र आन्दोलन नै हुँदैछन् । पाकिस्तान जन्मिँदै एक त्रुटिपूर्ण राज्य त थिएन भन्ने प्रश्नमाथि बहस हुँदैछन् । तथ्यांक र प्रवृत्तिले भन्छ कि श्रीलंका र पाकिस्तानपछि त्यस्तो हालतको नजिक नेपाल छ । यसको अर्थतन्त्रको चक्र टुटेको छ र त्यसको बहुआयामिक प्रभावले लाखौं सर्वसाधारणको घाँटी रेटिरहेको छ । तर, यहाँ कसैलाई मतलब छैन । दल र तिनका नेताहरूको चरित्र, असंवेदनशीलता र गैरजिम्मेवारीपनको बयान गरिसाध्य छैन । ती गठबन्धन बनाउन र तोड्न, सम्झौता गर्न र धोका दिन, भागबन्डा गर्न र खान, आफूले भनेजस्तो भाग खान नपाए छिनाझपटी गर्न, एकअर्कालाई चिथोर्न, कोपर्न, लुछ्न र सत्तोसराप गर्नमै व्यस्त र मस्त छन् ।

अर्थतन्त्रको चरित्र सर्वसाधारणको घाँटी थिच्ने खालको छ, दलतन्त्रको चरित्र मान्छेको मन उजाड, निराश र उत्साहहीन बनाउने । परपरसम्म क्षितिजमा कुनै आशा, जाँगर नदेखिने ।

नेपालका दल र नेताहरू श्रीलंकाको राजापाक्षे, पाकिस्तानको भुट्टो-सरिफ परिवार जस्तै असंवेदनशील र जन-घृणाका पात्र हुँदै गएका छन् । यसो भनौं कि यी आगोसँग खेलाँची गर्दैछन् । तर, जब आगोले उनीहरूसँग खेल्नेछ, यिनीहरूसँग पछुताउने अवसर पनि पाउने छैनन् ।

*(स्रोतः अनलाईनखबर)*



# बालमैत्री पालिका घोषणाको तयारीमा हेटौंडा, सहजकर्तालाई तालिम



*तालिमको उद्घाटन गर्नुहुँदै हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा ।*

समाज संवाददाता

हेटौंडा: बालमैत्री पालिका घोषणाको तयारीमा जुटेको हेटौंडा उपमहानगर पालिकाले नगर र वडा तहमा खटिने सहजकर्ता तथा वडाका सम्पर्क व्यक्तिका लागि तालिम सञ्चालन गरेको छ। २०८० सालसम्म बालमैत्री घोषणाको तयारीमा रहेको उपमहानगरले नियुक्त गरेका २० जना सहजकर्तासहित सम्पर्क व्यक्तिलाई बालमैत्री स्थानीय शासनसम्बन्धी क्षमता विकास तालिम सुरु गरिएको हो ।

तालिमका क्रममा सजकर्ताहरुलाई नगरका विभिन्न वडाका बालबालिकाको तथ्याङ्क संकलनका क्रममा गर्ने समन्वय तथा सहजीकरणका विषयमा जानकारी गराइएको उपमहानगरका महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले जानकारी दिनुभएको छ । उपमहानगरले हाललाई असार मसन्तसम्मका लागि नियुक्त गरेको सहजकर्ता टोलीलाई तालिमसँगै काममा परिचालन गरिने छ ।

तालिममा हेटौंडा उपमहानगरका प्रमुख तथा बालमैत्री स्थानीय शासन नगर समन्वय समितिका संयोजक मिनाकुमारी लामाले नगरले लिएको लक्ष्यलाई पूरा गर्ने जिम्मेवारी दृढताका साथ पूरा गर्न निर्देशन दिइन् । उपमहानगरले दिएको जिम्मेवारीलाई गम्भीर रुपमा लिँदै समाज रुपान्तरणको काममा सक्रियताका साथ लाग्न नगर प्रमुख लामाले आग्रहसमेत गर्नुभएको छ । उहाँले अनुशासित र मर्यादित भएर काममा लाग्दै नगरको विकासमा सहयोग पुऱ्याउन जोड दिनुभएको छ ।

चार दिनसम्म सञ्चालन हुने तालिममा बालमैत्री शासनका राष्ट्रिय प्रशिक्षक बिष्णुप्रसाद चौवेले सहजीकरण गर्नुहुनेछ । उपमहानगरले बालमैत्री नगर घोषणाका लागि १ नगर सहजकर्ता, १९ वडा सहजकर्ता र ३० जना तथ्याङक संकलक गरी ५० जनालाई नियुक्त गरेको छ । संघीय सरकारले २०८७ सम्म नेपाललाई बालमैत्री राष्ट्र घोषणा गर्ने लक्ष्य कार्यान्वयनका लागि उपमहानगरले अभियान सञ्चालन गरेको हो। कार्यक्रममा १९ वटै वडाका निर्वाचित सदस्यहरु वडा सम्पर्क व्यक्तिका रुपमा तोकिएको छ ।

## मोटरसाइकल दुर्घटनामा भारतीय नागरिकको मृत्यु

समाज संवाददाता

हेटौंडा: मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-२, हेभीमा शनिबार दिउँसो मोटरसाइकल दुर्घटना हुँदा एकजना भारतीय नागरिकको मृत्यु भएको छ । काठमाडौंमा डेरा गरी बस्ने ३५ वर्षीय भारतीय नागरिक विकास जैसवालको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मोटरसाइकलमा पछाडि बसेका अर्का भारतीय नागरिक १८ वर्षीय गौतम कुमार गम्भीर घाइते भएका छन्। उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा ९० प २६०० नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भएर सडकबाट १०० मिटर तल खसेको थियो ।

# नोभिस बक्सिङ प्रतियोगिताको मिति सऱ्यो

समाज संवाददाता

हेटौंडा: नयाँ पुस्ताका खेलाडीलाई पहिलो पटक प्रतिस्पर्धाको अवसर दिलाउने नोभिस बक्सिङ प्रतियोगिताको मिति सरेको छ। बागमती प्रदेश खेलकुद विकास परिषद् र मकवानपुर जिल्ला बक्सिङ संघको आयोजनामा यही फागुन १६ गतेदेखि २० गतेसम्म हेटौंडामा आयोजना गर्न लागिएको "अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता-२०७९" को मिति सरेको हो।

प्रदेश खेलकुद विकास परिषद्ले शुक्रबार एउटा सूचना प्रकाशित गरी फागुन ३० गतेदेखि चैत ४ गतेसम्म प्रतियोगिता आयोजना गर्ने उल्लेख गरेको छ। विशेष कारणले प्रतियोगिता सार्नु परेको परिषद्ले सार्वजनिक गरेको सूचनामा उल्लेख छ। प्रतियोगिता सार्नुको प्रमुख कारण भने प्रदेश सरकारबाट बजेट निकाससम्बन्धी प्राविधिक समस्या हो । शालिकराम जमकट्टेल नेतृत्वको प्रदेश सरकारले प्रदेशको खेलकुद मन्त्रालय खारेज गरेर सामाजिक विकास मन्त्रालय मातहत खेलकुदलाई समावेश गरिएपछि विनियोजन गरिएको बजेट निकासका लागि प्राविधिक समस्या भएको बुझिएको छ ।

केही दिनमै प्रदेश सरकारले विनियोजन गरेको बजेट निकास हुने र फागुन अन्तिमदेखि चैत पहिलो सातासम्म प्रतियोगिता सञ्चालन हुने बताइएको छ । प्रदेश सरकारले प्रतियोगिता आयोजनाका लागि ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। नयाँ खेलाडी लक्षित प्रतियोगितामा महिलातर्फ ४८ केजीदेखि ६६ केजी तौलसम्म ८ वटा समूह तथा पुरुषतर्फ ४८ केजीदेखि ७५ केजी तौलम्म ९ वटा समूहमा प्रतिस्पर्धा गराउने योजना छ । १६ देखि २१ वर्ष उमेर समूहका खेलाडी सहभागी गराइने प्रशिक्षक लालबहादुर पौडेलले जानकारी दिनुभएको छ ।

## पीपीआर रोगविरुद्ध साताव्यापी खोप अभियान

समाज संवाददाता

**हेटौंडा: बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले प्रदेश भर सञ्चालन गरेको पीपीआर रोगबिरुद्धको सप्ताहव्यापी खोप अभियान सम्पन्न भएको छ ।**

**सात दिनमा बागमती प्रदेशका ६ हजार ७५ वटा भेडा र ९ लाख ७३ हजार एक सय २७ वटा बाख्रा गरी ९ लाख ७९ हजार २ सय २ वटा भेडा बाख्रालाई खोप लगाइएको कृषि तथा पशुपछी विकास मन्त्री केशवप्रसाद पोखरेलले जानकारी दिनुभएको छ । सप्ताहव्यापी खोप कार्यक्रममा ४ सय २५ जना भ्याक्सिनेटर र १ हजार २ सय ४४ खोप केन्द्र सञ्चालन भएको पोखेरेलले बताउनुभयो। पोखेरेलका अनुसार अभियानबाहेक अन्य समयमा समेत मन्त्रालयले भेडा बाख्रालाई खोप लगाउँदै आइरहेको छ ।**

# शिक्षकबीच फुटसल प्रतियोगिता

समाज संवाददाता

हेटौंडा: हेटौंडा फुटसल एण्ड स्पोर्टस् सेन्टरको आयोजनामा विद्यालय तथा क्याम्पसका शिक्षक बीच नकआउट फुटसल प्रतियोगिता सुरु भएको छ । शनिबार सुरु भएको प्रतियोगिताको फाइनल खेल आगामी शनिबार हुनेछ । पहिलो दिन शनिबार ५ खेल भएका छन् ।

शनिबारको पहिलो खेलमा कमाने एकेडेमी विजयी भयो। कमाने एकेडेमी र नवोदय (डी) बीच निर्धारित समयमा दुवैतर्फबाट १-१ गोल भएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो । पेनाल्टी सुटआउटमा कमाने २-१ गोलअन्तरले विजयी भयो । दोस्रो खेलमा नवोदय (ए) ले ११-३ गोलअन्तरले नवोदय (सि) लाई पराजित गऱ्यो । शनिबार नै भएको तेस्रो खेलमा माउन्ट एभरेष्टले तुल्सीमेहरलाई ६-० गोलअन्तरले पराजित गऱ्यो। नवोदय (सि) र जेम्सबीच भएको खेलमा जेम्स ९-३ गोलअन्तरले विजयी भयो । शनिबारको अन्तिम खेलमा भुटनदेवी र हेटौंडा स्कूल अफ म्यानेजमेन्टबीच भएको थियो । ५-२ गोलअन्तरले म्यानेजमेन्ट विजयी भयो। प्रतियोगिताअन्तर्गतका बाँकी खेलहरु यही फागुन २० गते शनिबार हुनेछन् । प्रतियोगितामा ८ वटा विद्यालय र एउटा क्याम्पसको १२ वटा टिमको सहभागिता रहेको छ। फाइनल खेल अर्को शनिबार हुनेछ ।

### बागमती प्रदेश सभा

# विधेयक व्यवस्थापन विशेष समिति गठन

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सभाले फागुन १० गते संसदमा पेश भएको कर्मचारी सम्बन्धी दुईवटा अध्यादेशको प्रतिस्थापन विधेयकमाथि दफावार छलफल गर्न र प्रतिवेदन पेश गर्न १५ सदस्यीय विधेयक व्यवस्थापन विशेष समिति गठन गर्ने निर्णय गरेको छ । शनिबार साँझ बसेको प्रदेश सभा बैठकले समिति गठन गर्ने सर्वसम्मत निर्णय गरेको छ । सभामुख भुवन प्रसाद पाठकले दलीय सहमतिको आधारमा विधेयक व्यवस्थापन विशेष समिति गठन गरिएको सदनलाई जानकारी गराएका थिए ।

नेपालको संविधानको धारा २०२ को उपधारा २ को खण्ड (ग) बमोजिम प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका शर्तहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकहरु फागुन १८ गतेभित्र पारित गर्नुपर्ने कानूनी बाध्यता भएकोले विधेयकहरुमाथि दफावार छलफल गरी सभासमक्ष प्रतिवेदन पेश गर्न प्रदेश सभा नियमावली २०७४ को नियम १५२ बमोजिम १५ जना प्रदेश सभा सदस्य रहेको विधेयक व्यवस्थापन समिति गठन गरिएको सभामुखले बताएका छन् ।

समितिमा प्रदेश सभा सदस्यहरु आशा लामा, उद्धव थापा, कुन्दनराज काफ्ले, छिरिङ दोर्जे लामा, जयराम थापा, डा. दिनेशचन्द्र देवकोटा, प्रकाश श्रेष्ठ, रामकृष्ण चित्रकार, रत्नप्रसाद ढकाल, राधिका तामाङ, बसन्तप्रसाद मानन्धर, शैलेन्द्रमान बज्राचार्य, मधुसुदन पौडेल, सिर्जना सायजु र सुरेन्द्रराज गोसाई रहेका छन् ।

समितिले दफावार छलफल गरी प्राप्त संशोधन प्रस्तावमाथि समेत छलफल गरेर तयार पारेको प्रतिवेदन सभामुख समक्ष यही फागुन १८ गतेभित्र पेश गर्नुपर्ने सीमा तोकिएको छ । समितिले सभामुखको निर्देशनमा रही आफ्नो कार्यविधि आँफैले निर्धारण गर्ने व्यवस्था गरिएको छ भने संयोजक तोक्ने जिम्मेवारी समितिका सदस्यहरुलाई दिइएको छ । समितिले आवश्यकता अनुसार विशेषज्ञ आमन्त्रण गर्न सक्ने व्यवस्था पनि गरिएको छ ।

# फागुन २२ गतेदेखि मतदाता नामावली अद्यावधिक गरिने

समाज संवाददाता

हेटौंडा: निर्वाचन आयोगको बागमती प्रदेश कार्यालयले मकवानपुरमा मतदाता नामावली अद्यावधिक (दावी-विरोध समेत) कार्यक्रम गर्ने भएको छ। आइतबार जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा भएको अन्तरक्रियामा मतदाता नामावली अद्यावधिक गर्ने विषयमा जानकारी दिनुहुँदै बागमती प्रदेश निर्वाचन आयोगका प्रमुख लुम्बनाथ पोखरेलले फागुन २२ गतेदेखि जिल्लाभित्रका सबै पालिकाका वडा तहसम्म कार्यक्रम संचालन गरिने बताउनुभयो ।

एकै पटक धेरै जनाको मतदाता नामावली संकलन गर्ने गरी कार्यक्रमको आयोजना गरिएको प्रमुख पोखरेलले बताउनुभयो। निर्वाचन आयोग र जिल्ला प्रशासन कार्यालयबाट नियमित संचालन भइरहेको नामावली संकलन भने चल्नेछ । फागुन २२ गते सुचना तथा नामावली प्रकाशन, २३ गतेदेखि २५ गतेसम्म मतदाता नामावलीमा रहेको त्रुटी सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा दिने, २३ गतेदेखि २५ गतेसम्म नै मतदाता नामावलीमा कसैले झुटा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोमाथि उजुरी दिन सक्ने जनाएको छ ।

यहि अवधिमा मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएमा आयोगमा निवेदन दिन सक्ने, मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम नामावलीबाट हटाउने, २८ गते परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटी सच्याउने जनाएको छ । यस्तै मकवानपुरका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला निर्वाचन व्यवस्थापन समितिका संयोजक राजेन्द्रदेव पाण्डेले सबै राजनीतिक दलले कार्यक्रममा समन्वय गरिदिनुपर्ने बताउनुभयो । टोलटोलमा मतदाता शिक्षालाई प्रभावकारी बनाउन समन्वय गरेर जे नाम छ त्यही अद्यावधिक गरिदिन सुझाव दिनुभयो। अहिलेको कार्यक्रमले उपचुनाव भए सघाउ पुग्ने उहाँले बताउनुभयो । कार्यक्रमले आउने निर्वाचन मतदाताको उलेख्य सहभागी हुन सहयोग पुग्ने उहाँले बताउनुभयो ।

मकवानपुरमा गत मंसिरमा सम्पन्न प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनमा ३ लाख ७ सय ३३ मतदाता रहेकोमा १ लाख ७८ हजार मात्र मत खसेको थियो । खसेको मतमध्ये करिब ३१ हजार मत बदर भएको थियो ।

# कक्षा–८ मा 'होम सेन्टर' को सम्भावना प्रबल

जमुना थिङ

**हेटौंडा: हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गर्ने आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षामा 'होम सेन्टर' तोकिने सम्भावना प्रबल बनेको छ । आगामी चैत ९ गतेदेखि सञ्चालन हुने कक्षा–८ को परीक्षामा बाह्य परीक्षा केन्द्र नतोक्ने सम्भावना देखिएको हो ।**

**हेटौंडा–१५ को चिप्लेटी र हेटौंडा–१९ को ज्यामिरेका विद्यार्थीलाई बाह्य परीक्षा केन्द्र तोक्न कठिनाई हुने भएकाले 'होम सेन्टर' नै तोक्ने सम्भावना प्रबल रहेको हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले विद्यार्थीका लागि बाह्य परीक्षा केन्द्र अनुकूल नभएको र बिस्तारै अभ्यास गरेर मात्र आगामी शैक्षिक सत्रमा परीक्षा केन्द्र तोकिनेछ ।**

**करिब २ महिनाअघि हेटौंडा–२ स्थित सिद्वार्थ माध्यमिक विद्यालयको सभाहलमा भएको प्रधानाध्यापकहरुबीचको छलफलमा उपमहानगरले अन्य विद्यालयमा परीक्षा केन्द्र तोक्ने बताइएको थियो । यस वर्ष आधारभूत तह (कक्षा–८) को बाह्य परीक्षा केन्द्र तोकिने बताउनुहुँदै प्रमुख रिमालले सबै विद्यालयहरुलाई परीक्षाको तयारी तिव्र गतिमा सुरु गर्नसमेत आग्रह गर्नुभएको थियो ।**

**गत माघ २६ गते आधारभूत तह (कक्षा–८) को वार्षिक परीक्षाको तालिका हेटौंडा उपमहानगरले सार्वजनिक गरिसकेको छ। तर, हालसम्म शिक्षा विकास महाशाखा अन्य विद्यालयमा परीक्षा केन्द्र तोक्ने या नतोक्ने भन्नेमा अन्यौल देखिएको छ । हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गर्दै आएको कक्षा–८ को परीक्षालाई प्रभावकारी बनाउन यस वर्षदेखि परीक्षा केन्द्र तोकिने जनाइएको थियो ।**

**आगामी चैत १९ गतेसम्म सञ्चालन हुने आधारभूत तह (कक्षा–८) को परीक्षामा ८० वटा विद्यालयका ४ हजार विद्यार्थी परीक्षामा सहभागी हुने शिक्षा विकास महाशाखाका अधिकृत रामचन्द्र खड्काले जानकारी दिनुभयो । महाशाखा प्रमुख रिमालका अनुसार यही साताभित्र परीक्षा केन्द्र तोक्ने या नतोक्ने भन्ने विषयमा निर्णय हुनेछ ।**

## राक्सिराङमा चैत ३ बाट वार्षिक परीक्षा

समाज संवाददाता

**हेटौंडा: राक्सिराङ गाउँपालिकामा आगामी चैत ३ गतेदेखि विद्यालय तहको वार्षिक परीक्षा सञ्चालन हुने भएको छ । आइतबार विद्यालय तहको वार्षिक परीक्षा तालिका सार्वजनिक गर्दै ११ गतेसम्म परीक्षा सञ्चालन हुने जनाइएको छ। पहिलो सिफ्टमा कक्षा १,२,३,६ र ७ को बिहान १० बजेदेखि परीक्षा सञ्चालन हुनेछ । दोस्रो सिफ्टमा कक्षा ४, ५ र ९ को दिउँसो १ बजेदेखि परीक्षा सञ्चालन हुने गाउँपालिकाले जनाएको छ। कक्षा १ देखि कक्षा ५ सम्मका परीक्षा भने १० गते सकिनेछ । परीक्षाको पहिलो दिन सबै कक्षाको अनिवार्य अंग्रेजीको परीक्षा हुनेछ ।**

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

**स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी सन्देश**

**विगत लामो समयदेखि स्वास्थ्य कार्यालय मकवानपुरद्वारा संचालित मातृ तथा बाल स्वास्थ्य क्लिनिक पुनः हजुरहरुको सेवाका लागि संचालनमा आएको व्यहोरा जानकारी गराइन्छ ।**

**मातृ तथा बाल स्वास्थ्य क्लिनिकबाट प्रदान गरिने सेवाहरू:**
**प्रत्येक आईतबार र बुधबार**: बालबालिकाहरुलाई खोप तथा वृद्धि अनुगमन सेवा
**प्रत्येक सोमबार र बिहीबार**: गर्भवती तथा सुत्केरी जाँच सेवा
**प्रत्येक मंगलबार र शुक्रबार**: परिवार नियोजन तथा परामर्श सेवा

**स्थान**: हेटौंडा अस्पताल पुरानो ओ.पि.डि. भवन
**सेवा दिने समय**: बिहान १० बजेदेखि ५ बजेसम्म

**इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि**
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

**केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि**
हेटौंडा–२, नगरपालिकारोड
०५७–५२४६९४/९८४३०२८६३५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ